“जसले मुआहद् (मुस्लिमसँग सन्धि भएको गैर-मुस्लिम) को हत्या गर्छ, उसले स्वर्गको सुगन्ध पनि पाउनेछैन, जबकि स्वर्गको सुगन्ध चालीस वर्षको दूरीबाट आउँछ ।”

अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “जसले मुआहद् (मुस्लिमसँग सन्धि भएको गैर-मुस्लिम) को हत्या गर्छ, उसले स्वर्गको सुगन्ध पनि पाउनेछैन, जबकि स्वर्गको
सुगन्ध चालीस वर्षको दूरीबाट आउँछ ।” [सही] [बुखारीले वर्णन गरेका छन्]

जसले मुआहद् (त्यो व्यक्ति जो "काफिरहरू भूमिबाट इस्लामको भूमिमा सन्धि र सुरक्षा (अमन)सहित आउँछ) लाई मार्छ, उसले स्वर्गको सुगन्ध पनि पाउने छैन भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कडा चेतावनी दिनुभएको छ । जबकि यसको सुगन्ध चालीस वर्ष टाढाबाट महसुस गर्न सकिन्छ ।

http://sunnah.global/hadeeth/ne/show/64637